(संवत् २०७९ साल मङ्सिर मसान्तसम्म भएका संशोधन मिलाइएको)

# नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७

| | |
|---|---|
| | <u>लालमोहर र प्रकाशन मिति</u> |
| | २०४७।१२।२९ |
| <u>संशोधन गर्ने ऐन</u> | <u>प्रमाणीकरण र प्रकाशन मिति</u> |
| १. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६[←] | २०६६।१०।७ |
| २. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०४७ सालको ऐन नं. २९

2..............

<u>नेपाल स्वास्थ्य अनुसन्धान परिषदको स्थापना र व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना:</u> स्वास्थ्य क्षेत्रमा देखा परेका विभिन्न समस्याहरुलाई वैज्ञानिक रुपमा अध्ययन तथा अनुसन्धान गरी सर्वसाधारण जनताको स्वास्थ्य सुविधा कायम राख्न नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

<u>श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव</u>बाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस ऐनको नाम "नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

← यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(क) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल स्वास्थ्य अनुसन्धान परिषद् सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले कार्यकारी समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य–सचिव समेतलाई जनाउँनेछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>परिषद्को स्थापना:</u> (१) स्वास्थ्य सम्बन्धी विषयमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्नको लागि नेपाल स्वास्थ्य अनुसन्धान परिषद् स्थापना गरिएको छ ।

(२) परिषद्को कार्यालय काठमाडौंमा रहनेछ ।

४. <u>परिषद् सङ्गठित संस्था हुने:</u> (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. <u>परिषद्को उद्देश्य:</u> परिषद्को उद्देश्य देहाय बमोजिम हुनेछः–

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) स्वास्थ्य क्षेत्रमा देखा परेको तथा भविष्यमा पर्न सक्ने विभिन्न समस्याहरुको सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ख) स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यक्रमलाई बढी उपयोगी बनाउन परामर्श सेवा तथा सूचना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने, र

(ग) विश्वमा देखा परेका स्वास्थ्य सम्बन्धी विभिन्न समस्या उपर गरिएको अध्ययन तथा अनुसन्धान वा कृति बारे जानकारी प्राप्त गरी समय समयमा नेपाल सरकारलाई जानकारी गराउने ।

६. परिषद्को काम, कर्तव्य र अधिकारः परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) नेपाल सरकारको स्वास्थ्य नीतिको अधीनमा रही नेपाल [2]........ भित्र स्वास्थ्य सम्बन्धी विभिन्न क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने ।

(ख) स्वास्थ्य सम्बन्धी आधारभूत (बेसिक) एवं प्रायोगिक (एप्लाईड्) दुवै किसिमका अध्ययन तथा अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने ।

(ग) स्वास्थ्य पद्धति, जैविक चिकित्सा, बाय–मेडिकल स्वास्थ्य सेवा तथा आहार, व्यवहार र सदाचार सम्बन्धमा अनुसन्धान गर्ने र रोग व्याधीको प्रतिकार, निदान तथा उपचार सम्बन्धी अध्ययन गर्ने, गराउने ।

(घ) स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धानका प्राथमिकता क्षेत्रहरु तोक्ने ।

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ङ) स्वास्थ्यसँग सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धानको लागि सहमति दिने, प्रमाणिकता निर्धारण गर्ने तथा नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(च) स्वास्थ्यसँग सम्बन्धित अनुसन्धान कार्यलाई समन्वय, मार्गदर्शन तथा मूल्याङ्कन गर्ने र आवश्यक सल्लाह उपलब्ध गराउने ।

(छ) स्वास्थ्य सम्बन्धी ज्ञान, अनुभव र अनुसन्धानको उपलब्धीहरुको प्रकाशन तथा प्रचार गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सूचनाहरुको आदान प्रदान गर्ने ।

(ज) नेपाल [2]........ भित्र स्वास्थ्य सम्बन्धी अनुसन्धान गर्ने, सुविधा उपलब्ध नभएको क्षेत्रमा अनुसन्धान गर्नु परेमा अनुसन्धानको केही अंश विदेशमा गराउन स्वीकृति दिने ।

(झ) स्वास्थ्य सम्बन्धी अनुसन्धान गर्ने व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार पुरस्कार, विद्धत वृत्ति एवं भ्रमण खर्च प्रदान गर्ने ।

(ञ) स्वास्थ्य सम्बन्धी अनुसन्धानको अभिलेख राख्ने ।

७. कार्यकारी समितिको गठनः (१) परिषद्को कार्य सञ्चालनको निमित्त देहाय बमोजिमका सदस्यहरु रहेको एउटा कार्यकारी समिति गठन हुनेछः–

(क) स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धानमा अनुभव प्राप्त आधुनिक चिकित्सा प्रणाली तथा आयुर्वेदिक चिकित्सा प्रणालीका चिकित्सकहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत सातजना व्यक्ति –सदस्य

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय –सदस्य

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ग) प्रतिनिधि, राष्ट्रिय योजना आयोग –सदस्य

‖(घ) प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय –सदस्य

(ङ) प्रमुख, अनुसन्धान समिति, चिकित्सा शास्त्र अध्ययन संस्थान –सदस्य

(च) अध्यक्ष, नेपाल मेडिकल काउन्सिल –सदस्य

(छ) नेपाल सरकारले तोकेको एकजना व्यक्ति –सदस्य–सचिव

(२) नेपाल सरकारले उपदफा (१) को खण्ड (क) बमोजिम मनोनीत सदस्यहरु मध्येबाट एकजना अध्यक्ष तथा एकजना उपाध्यक्ष तोकिदिनेछ ।

(३) समितिका मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र निजहरु पुनः मनोनीत हुन सक्नेछन् ।

(४) नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरुमा आवश्यक थप घट वा हेरफेर गर्न सक्नेछ ।

८. समितिको बैठकः (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

‖ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) समितिको बैठक सम्बन्धी अरु कुराहरु समिति आफैले निर्धारण गर्न सक्नेछ ।

९. समितिको काम, कर्तव्य र अधिकारः (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा रही परिषद्ले गर्नु पर्ने सम्पूर्ण काम, कारबाही गर्नु, अधिकारहरुको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) समितिले आफूले प्रयोग गर्न पाउने अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, सदस्य–सचिव वा परिषद्को अधिकृतलाई सुम्पन सक्नेछ ।

१०. उपसमिति गठन गर्न सक्नेः समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

११. स्वास्थ्य सम्बन्धी अनुसन्धान गर्न स्वीकृति लिनु पर्नेः (१) यो ऐन प्रारम्भ भएपछि स्वास्थ्य क्षेत्रमा अनुसन्धान गर्न चाहने व्यक्ति वा संस्थाले परिषद्को स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृति दिंदा परिषद्ले तोकिए बमोजिम शर्तहरु समेत राख्न सक्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "अनुसन्धान" भन्नाले परीक्षण सहितको अनुसन्धान सम्झनु पर्छ ।

१२. परिषदको विशेष अधिकारः (१) दफा ११ बमोजिम स्वीकृति दिइएका स्वास्थ्य सम्बन्धी अनुसन्धान कार्यमा संलग्न व्यक्ति वा संस्थालाई परिषद्ले आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) कुनै व्यक्ति वा संस्थाले दफा ११ बमोजिम स्वीकृति नलिई अनुसन्धान कार्य गरेमा वा स्वीकृति लिई अनुसन्धान कार्य गर्दा तोकिए बमोजिमका शर्त वा परिषद्को निर्देशन पालना नगरेमा त्यस्ता व्यक्ति वा संस्थालाई परिषद्ले सचेत गराउन वा निश्चित अवधि तोकी त्यस्तो अनुसन्धानको काम गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

कानून तथा व्यवस्था आयोग सम्पादन मन्त्रालय

(३) उपदफा (२) बमोजिम कारबाही गर्दा परिषद्ले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाईको उचित मौका दिनु पर्नेछ ।

१३. <u>परिषद्को कोषः</u> (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) परिषद्को कोषमा देहायका रकमहरु रहनेछन्ः–

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट प्राप्त हुने अनुदान रकम,

(ग) परामर्श सेवा वा अनुसन्धान कार्य गरे गराए बापत प्राप्त हुने रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट अनुदान लिंदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्लाई प्राप्त सबै रकम कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(५) परिषद्द्वारा गर्नु पर्ने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१४. <u>लेखा र लेखापरीक्षणः</u> (१) परिषद्को आय–व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) परिषद्को लेखापरीक्षण महालेखा परीक्षकद्वारा हुनेछ ।

१५. <u>प्रशासकीय प्रमुखः</u> नेपाल सरकारले अध्यक्षलाई कार्यकारी अध्यक्ष तोक्न सक्नेछ । त्यसरी कार्यकारी अध्यक्ष नतोकिएको अवस्थामा समितिको सदस्य–सचिवले परिषद्को प्रशासकीय प्रमुख भै काम गर्नेछ ।

१६. <u>परिषद्का कर्मचारीः</u> (१) परिषद्को कार्य सञ्चालनको निमित्त आवश्यक कर्मचारीहरु समितिले नियुक्त गर्न सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरुको सेवाको शर्त, सुविधा तथा पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

१७. नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेः परिषद्ले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफूले गरेको कामको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१८. नेपाल सरकारले निर्देशन दिन सक्नेः नेपाल सरकारले परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

१९. नेपाल सरकारसँग सम्पर्कः परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा ॥स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२०. परिषद्को विघटनः (१) कुनै मनासिब कारणबाट परिषद्लाई खारेज गर्ने गरी नेपाल सरकारले निर्णय गरेमा परिषद् विघटन हुनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद् विघटन भएमा परिषद्को हक र दायित्व नेपाल सरकारमा सर्नेछ ।

२१. विनियम बनाउने अधिकारः यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले नेपाल सरकारको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

---

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

द्रष्टव्यः केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।